फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:
cdms.mofaga@gmail.com

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:-वा.त.वि.व्य.शा./०७६/०७७
च.नं.:- ३८३

मिति: २०७६/११/०८

विषयः कार्यक्रममा सहभागिता सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(पत्रमा उल्लेखित सबै)

प्रस्तुत विषयमा श्री शहरी विकास मन्त्रालयको, शहरी विकास महाशाखाको च.नं. १७८९ मिति २०७६/११/०६ को पत्र यसैसाथ संलग्न छ । सोही बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

सम्पर्क व्यक्तिः कल्पना शाक्य (९८४१४१८४७३) र रन्जन भट्ट (९८५१०७२६५५)

(रीनु थपलिया)
शाखा अधिकृत

श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सहरी विकास महाशाखा

फोन नं.: ४२११६७३, ४२११५६०, ४२११८८३
फ्याक्स: ९७७-१-४२००२४६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७५।७६ ।२५
चलानी नं.:- १८८५

दर्ता नं.:- ११२९२
मिति:- २०७६।११।६

२०७६/११/०६

श्री संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालय
सिंहदरबार ।

**विषयः- राष्ट्रिय शहरी नीति, २०७६ तर्जुमाका लागि प्रदेशस्तरीय छलफल कार्यक्रम सञ्चालनका सम्बन्धमा ।**

नेपालमा भइरहेको तीव्र र अव्यवस्थित शहरीकरणलाई योजनावद्ध र व्यवस्थित गर्नका लागि मार्गदर्शन गर्ने दस्तावेजको रुपमा राष्ट्रिय शहरी नीति २०६४ रहेको व्यहोरा विदितै छ । सो नीति तर्जुमा भएको हाल एक दशक भन्दा बढी समय व्यतीत भइसकेको छ । यस अवधिमा नयाँ संविधान जारी भई राज्यको पुनर्संरचना समेत भएको, संघीय संरचनामा रुपान्तरित भएर मुलुकका तीनवटै तहमा निर्वाचित सरकारहरु क्रियाशील भइसकेको र शहरी विकाससँग सम्बन्धित निकायहरुको भूमिका र अधिकार क्षेत्रमा समेत परिवर्तन भएको हुँदा राष्ट्रिय शहरी नीतिमा समयसापेक्ष सुधार आवश्यक देखिएकोले २०६४ परिमार्जन गर्ने कार्य यस मन्त्रालयबाट भइरहेको जानकारी गराउँदछु ।

यस क्रममा यस मन्त्रालयबाट परामर्शदाताको सहयोगमा अध्ययन एवं समूह छलफलहरु गरी प्राप्त राय/सुझावहरु समावेश भएको परिमार्जित नीतिको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ । यस मस्यौदामा राय/सुझावका साथै शहरी विकास सम्बन्धमा प्रादेशिक तथा स्थानीय तहको दृष्टिकोण प्राप्त गर्नका लागि प्रदेश तथा स्थानीय तहका विभिन्न सरोकारवालाहरुसँग छलफल गरी सुझाव संकलन गर्न "नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६" अनुरुप दफा २ को उपदफा १(क) अनुसार हुनु पर्ने प्राबधान भएको जानकारी गराउदछुँ ।

**देहायका मिति, स्थान र समयमा :**

मिति २०७६/११/११, होटल एसीयाटिक, एयरपार्ट रोड, बिराटनगर, प्रदेश नं. १, विहान १० बजे देखि २ बजे सम्म
मिति २०७६/११/१३ हेटौडा, बागमती प्रदेश, विहान १० बजे देखि २ बजे सम्म (स्थान तय हुन बाँकी)
मिति २०७६/११/१६ कोहलपुर, प्रदेश नं. ५, विहान १० बजे देखि २ बजे सम्म (स्थान तय हुन बाँकी)

राष्ट्रिय शहरी नीतिको मस्यौदा उपर छलफल तथा सुझाव संकलन गर्न संलग्न सूचि बमोजिका निकायहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका) बाट छलफल कार्यक्रममा अधिकृत स्तरको प्रतिनिधि १/१ जना सहभागी गराइदिने व्यवस्थाको लागि समन्वय हुन विनम्र अनुरोध गर्दछु । साथै आमन्त्रित गर्नुपर्ने निकायहरुको सूचि यसै पत्रासाथ संलग्न गरिएको छ ।

**पुनश्च** : नीति तर्जुमाको लागी स्थानीय तहहरुबाट जानकारी संकलन गर्ने प्रश्नावली यसै साथ संलग्न छ । उक्त कार्यक्रममा सहभागिहुन लाग्ने यातायात दैनिक खर्च तहाँबाटै व्यहोर्नहुन अनुरोध छ ।

सरिता मास्के
सह-सचिब

## शहरी नीति तर्जुमाको लागि प्रादेशिक तथा स्थानीय तहमा क्रियाशील निकायहरुबाट जानकारी सङ्कलन गर्ने प्रश्नावली

**क) संस्थागत संरचनाको बारेमा :**

- नगरपालिका लगायत शहरी विकासको क्षेत्रमा सम्बद्ध निकायहरुको वर्तमान संस्थागत संरचनामा सुधार आवश्यक छ, छैन? भए कसरी सुधार गर्नु उपयुक्त हुन्छ ?
- नगरपालिकाहरुमा शहरी शासनको हालको अवस्था कस्तो छ ?
- शहरी विकासको सन्दर्भमा तीन तहको सरकारको भूमिका र जिम्मेवारीमा दोहोरोपन नहुने गरी स्पष्टता ल्याउन के गर्नुपर्छ ?
- शहरी विकासको कार्यमा संलग्न विभिन्न निकायहरुबीच अन्तर्निकाय समन्वय कसरी गर्नु उपयुक्त हुन्छ ?

**ख) राष्ट्रिय शहरी नीति बारेमा :**

- प्रदेश तथा नगरपालिकाहरुका सन्दर्भमा वर्तमान राष्ट्रिय शहरी नीति कार्यान्वयनको अवस्था कस्तो छ ?
- प्रस्तावित नयाँ शहरी नीतिले सम्बोधन गर्नै पर्ने मुख्य बुँदाहरू के के हुन् ?

**ग) शहरी विकासका विविध सवालहरु :**

- शहरी विकासको क्षेत्रमा विद्यमान प्रमुख समस्या, अवसर तथा चुनौतिहरू के कस्ता छन् ?
- शहरी विकास क्षेत्रको आगामी मार्गचित्र कस्तो हुनुपर्छ ?

**घ) दिगो विकास लक्ष्य तथा नयाँ शहरी कार्यसूचीको स्थानीयकरण :**

- यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई प्रदेश सरकार तथा नगरपालिकामा कसरी संस्थागत गरिएको छ ?
- प्रदेश र नगरपालिकाको योजनामा यससम्बन्धी के कस्ता कार्यक्रम सञ्चालनमा छन् ?
- यसको कार्यान्वयनमा समस्या भएमा तिनको कसरी समाधान गर्न सकिन्छ ?

## बिराटनगरको प्रादेशिक छलफल कार्यक्रमका लागी आमन्त्रित गर्नुपर्ने प्रदेश १ र २ का स्थानीय तहहरु

| क स | स्थानीय तह |
|---|---|
| १ | बिराटनगर महानगरपालिका |
| २ | इटहरी उप महानगरपालिका |
| ३ | धरान उप महानगरपालिका |
| ४ | इनरुवा नगरपालिका |
| ५ | बिर्तामोड नगरपालिका |
| ६ | दमक नगरपालिका |
| ७ | दुहबी नगरपालिका |
| ८ | सुन्दर हरैचा नगरपालिका |
| ९ | बेलबारी नगरपालिका |
| १० | उर्लाबारी नगरपालिका |
| ११ | रतुवामाई नगरपालिका |
| १२ | बेलका नगरपालिका |
| १३ | चौदण्डीमाई नगरपालिका |
| १४ | त्रियुगा नगरपालिका |
| १५ | भद्रपुर नगरपालिका |
| १६ | लाहान नगरपालिका |
| १७ | सिरहा नगरपालिका |
| १८ | राजविराज नगरपालिका |
| १९ | हनुमाननगर नगरपालिका |
| २० | कन्चनरुप नगरपालिका |
| २१ | सप्तकोशी नगरपालिका |
| २२ | खडक नगरपालिका |
| २३ | शम्भुनाथ नगरपालिका |
| २४ | सुरुंगा नगरपालिका |
| २५ | बोडे बर्साई नगरपालिका |
| २६ | डाक्नेश्वरि नगरपालिका |
| २७ | कङ्कालिनी नगरपालिका |

## हेटौडाको प्रादेशिक छलफल कार्यक्रमका लागी आमन्त्रित गर्नुपर्ने बागमती प्रदेश र गण्डकी प्रदेशका स्थानीय तहहरु

| क स | स्थानीय तह |
|---|---|
| १ | रत्ननगर नगरपालिका |
| २ | खैरहनी नगरपालिका |
| ३ | राप्ती नगरपालिका |
| ४ | कालिका नगरपालिका |
| ५ | भरतपुर महानगरपालिका |
| ६ | हेटौडा उप महानगरपालिका |
| ७ | गैंडाकोट नगरपालिका |
| ८ | कावासोती नगरपालिका |
| ९ | थाहा नगरपालिका |
| १० | कावासोती नगरपालिका |
| ११ | देवचुली नगरपालिका |

**कोहलपुरको प्रादेशिक छलफल कार्यक्रमका लागी आमन्त्रित गर्नुपर्ने प्रदेश ५, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेशका स्थानीय तहहरु**

| क स | स्थानीय तह |
|---|---|
| १ | नेपालगंज उप महानगरपालिका |
| २ | कोहलपुर नगरपालिका |
| ३ | गुलरिया नगरपालिका |
| ४ | मधुवन नगरपालिका |
| ५ | ठाकुरबाबा नगरपालिका |
| ६ | राजापुर नगरपालिका |
| ७ | बिरेन्द्रनगर नगरपालिका |
| ८ | भेरिगंगा नगरपालिका |
| ९ | बाँसगढी नगरपालिका |
| १० | भेरी नगरपालिका |
| ११ | भजनी नगरपालिका |
| १२ | लमकिचुहा नगरपालिका |
| १३ | गोदावरी नगरपालिका |